ज.प्र.का.म.द.नं.४८/०७३/०७४

❑ वर्ष ६, अंक ३०१
❑ १७ साउन २०८० बिहीबार
❑ 3 Aug. 2023, Thursday
✹ www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान


# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# मधेश प्रदेशमा फैलिँदै डेंगु सङ्क्रमण



**विजय साह**

**साउन १७ गते, ढल्केवर**

ढल्केवर- मधेश प्रदेशमा डेंगु रोगका सङ्क्रमण फैलिन थालेको छ । प्रदेशको सबैजसो जिल्लामा डेंगु सङ्क्रमणका बिरामी फेला परेको स्वास्थ्य निर्देशनालय मधेश प्रदेशले जानकारी दिएको छ । बालबालिकादेखि वृद्धवृद्धामा यो रोग देखिएको बताइएको छ ।

स्वास्थ्य निर्देशनालय मधेश प्रदेशका निर्देशक डा. सञ्जिवकुमार झाले साउनको सुरुवातयता २२ जनामा डेंग सङ्क्रमण पोजेटिभ देखिएको बताउनुभयो । उहाँले अहिलेसम्म स्थानीय तहबाट यतिजनाको मात्र तथ्याङ्क प्राप्त भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "स्थानीय तह तथा नीजि स्वास्थ्य उपचार केन्द्रमा उपचार गराएका एवम् उपचारमा रहेका बिरामीको तथ्याङ्क सङ्कलनका लागि कर्मचारी परिचालन गरिएको छ । साथै सङ्क्रमण बढ्न नदिन जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहका स्वास्थ्य शाखामार्फत लामखुट्टेका लार्भा खोजी गरेर नष्ट गर्ने काम भइरहेको छ ।

धनुषाको ढल्केवरका चिकित्सक सुरेन्द्र महतोले सरकारी तथ्याङ्कभन्दा डेंगु रोगका बिरामीको सङ्ख्या निकै बढी भएको बताउनुभयो । उहाँले यही ठाउँमा १० दिनको अवधिमा १४ जनामा डेंगु सङ्क्रमण देखिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "यसपाली मधेश प्रदेशका जिल्लामा वर्षा कम भएकाले यो सङ्क्रमण अहिलेसम्म नियन्त्रणमा छ । वर्षा भएपछि बढ्न सक्छ । वर्षाको पानी खाल्डाखुल्डी, नाला, खेतबारीलगायत जताततै जमेपछि लामखुट्टेमा सङ्ख्या वृद्धि हुन्छ । लामखुट्टे बढेसँगै डेंगु रोगका सङ्क्रमित पनि बढ्नसक्छ । स्थानीय सरकार र स्वयम् जनता आफैं नियन्त्रणको उपायमा लागेन भने यसले भयावहरुप लिने चिकित्सक महतोको भनाइ छ ।

प्रादेशिक अस्पताल जनकपुरधामका ओपिडी शाखाका प्रमुख मनिषकुमार पाण्डेयले भयावहको स्थिति नभएपनि विगत एक महिनादेखि दिन बिराएर दुई-तीन जनामा यो सङ्क्रमण देखिने गरेको बताउनुभयो । उहाँले भर्ना गरेर उपचार गर्नुपर्ने जस्ता जटिल बिरामी नदेखिएको बताउँदै स्वास्थ्य जाँचपछि घरमै बसेर स्वास्थ्य लाभ लिइरहेको जानकारी दिनुभयो ।

मधेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरेन्द्रप्रसाद सिंहले बिरामीको स्वास्थ्य उपचार र डेंगु सङ्क्रमणको रोकथाम तथा नियन्त्रणको प्रयास भइरहेको बताउनुभयो । उहाँले प्रदेशका सबै जिल्ला स्वास्थ्य कार्यालयमा औषधि व्यवस्थापन गरिएको र लामखुट्टेका लार्भा नष्ट गर्न स्वास्थ्य क्षेत्रका कर्मचारी खटिएको जानकारीदिनुभयो ।डेंगुका सङ्क्रमण फैलिन सक्ने सम्भावनालाई दृष्टिगत गर्दै अस्पतालका अधिकारीहरुलाई गुणस्तरयुक्त उपचार व्यवस्थाका लागि तयारी अवस्थामा बस्न निर्देशन दिएको मन्त्री सिंहले बताउनुभयो ।

उहाँले डेंगुका लक्षण देखिएमा तुरुन्तै नजिकको अस्पतालमा वा स्वास्थ्य संस्थामा गएर चिकित्सकको सल्लाहअनुसार उपचार गराउन र घर वरपरको वातावरणमा पानी जन्म नदिन, लामखुट्टेको लार्भा विकास हुने स्थान खोजेर नष्ट गर्न सबैलाईलाई आग्रह गर्नुभयो ।

लामखुट्टेको टोकाइबाट सर्ने यो रोग नियन्त्रण तथा रोकथामका प्रयासमा मधेश प्रदेशका स्थानीय तह गम्भीर नदेखिएको गुनासो स्थानीयले लगाएका छन् । वर्षा सकिएपछि मात्रै देखा पर्ने डेंगु अहिले नै देखिन थालेको छ । तर अहिलेसम्म स्थानीय सरकार नियन्त्रणको भूमिका गम्भीरतापूर्वक नदेखिएको ढल्केवरका रामजी साहको भनाइ छ ।

# औरहीमा ५ लाख मुल्य बराबरको लागुऔषध गाजा बरामद



**धर्वेन्द्रकुमार यादव यदुवंशी**

**साउन १७ गते, महोत्तरी**

महोत्तरीको औरही नगरपालिका-२ फुलवरिया गाउँबाट सोही वडाको चेपकट गाउँ जाने कृषि सडक छेउमा रहेको उखु खेतमा वेवारिस अवस्थामा तीन वटा गाँजाको पोका बरामद गरिएको छ ।

औरही नगरपालिका २ फुलवरिया बस्ने स्थानीय श्याम श्रेष्ठले लगाएको उखु खेतमा गाँजाको पोका लुकाई छिपाई राखेको खेतमा उखु गोडमेल गर्ने क्रममा कामदारले देखे पछि बम हुन सक्ने आशंकामा श्याम श्रेष्ठको पत्नी सम्झना श्रेष्ठले ईलाका प्रहरी कार्यालय गौशाला र प्रहरी चौकी औरहीमा खबर गरेका थिए ।

प्रहरी चौकी औरहीबाट प्र.स.नि राम प्रवेश महतोको कमाण्डमा खटिएको टोलीले गाँजाको पोका रहेको एकिन गरि लागुऔषध गाँजा बरामद गरेको हो ।

सुचना पाए लगतै पुगेका प्रहरी टोलीले तीन वटा पोका पारेको गाँजाको पैकेटमा ब- कोड गरिएको तीन वटा पोकामा करिब ६० के.जी अबैध गाँजा रहेको उक्त गाजा बरामद गरि ईलाका प्रहरी कार्यालय गौशाला पठाएको गाजा कसले खेतमा राखेको भन्ने पहिचान नभएको अन्य अनुसन्धान एबम गाजा धनिको खोजि तलासी भई रहेको छ। गाँजाको मुल्य अन्दाजी ५ लाख बराबरको रहेको ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले बताए ।

# खुट्टाबिना हिंडडूल गर्न नसक्नेहरुलाई कृत्रिम खुट्टाको अवसर




**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, बर्दिवास**

दुर्घटनामा परी खुट्टा गुमाएर कुँजिएर बस्नु परिरहेका व्यक्तिले कृत्रिम खुट्टा लगाएर हिंडडूल गर्न पाउने भएका छन् ।

रोटरी क्लव अफ बर्दिबासले कृत्रिम खुट्टा लगाइने निःशुल्क शिबिर आयोजन गरेर यो अवसर दिन लागेको हो । रोटरी क्लव अफ बर्दिबासले आज बुधबार पत्रकार सम्मेलन नै आयोजना गरेर शिबिर सञ्चालनबारे अवगत गराएको हो ।

"हामीले रोटरी क्लव अफ जयपुर (भारत) का दक्ष प्राविधिकले निर्माण गरेका कृतिम खुट्टा रोटरी क्लव अफ वीरगञ्ज र नयाँ कदम संस्थाको समन्वयमा शिबिर सञ्चालन गर्ने निधो गरेका छौं" रोटरी क्लव अफ बर्दिबासका अध्यक्ष कृष्णप्रसाद गौतमले भन्नुभयो, "अहिले यही २०८० भदौ १६ देखि २५ सम्म १० दिनको शिबिर तय गरेका छौं ।" बर्दिबास-१ सिन्धुलीरोडस्थित बर्दिबास सेवा समिति भवनमा सञ्चालन गरिने यो शिबिर पूणर् निःशुल्क हुने रोटरी क्लव अफ बर्दिबासले स्पष्ट पारेको छ ।

यो अभियानसँगै जोडेर सकारात्मक

बाँकी पृष्ठ ४ मा

**बालबालिकालाई अनिवार्य विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं ।**


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

## २४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# जात व्यवस्था अन्त्य गरिनुपर्छ

जबसम्म समस्या पहिचान हुँदैन, समाधानका निम्ति गरिने अनेक प्रयास निरर्थक र असफल नै हुन्छन्।

डा. भीमराव अम्बेडकर भन्छन्, 'जाति पर गर्व करना, तुम्हार विनासका कारण बनेना।' अर्थात् कसैले आफ्नो जातिमाथि गर्व गर्नु उसको विनासको कारण बन्नेछ। गोरखामा कार्यरत धिताल थरका शिक्षक माओवादी समर्थक भएका कारण द्वन्द्वकालमा आफ्नो पेसा र थातथलोबाट विस्थापित बन्न पुगे। उनलाई आफू माओवादी भएकोमा अगाध गौरवसँगै केही आत्मग्लानी पनि छ। उनले हामीसँगको पहिलो भेटमा कुराको सुरुआत नै 'म बाहुनको छोरो...'बाट गरे र त्यो प्रसंग धेरैपटक दोहोऱ्याए।

अर्को प्रसंग, वैकल्पिक शक्ति निर्माणमा निकै आरोहअवरोह भोगेका एक युवाले बोल्ने क्रमको सुरुआत नै 'आफू काठमाडौं सहरको असनमा र त्यो पनि ब्राह्मण कुलमा जन्मिएको पाण्डे...' भन्ने वाक्यांशबाट गरे। बाहुन आदि कथित उच्च जातिका व्यक्तिमात्रै होइन, कतिपय दलितहरूसमेत दमाहा बजाएको तस्बिर फेसबुक आदि सामाजिक सञ्जालमा पोस्ट्याउँदै आफू दमाई हुनुमा गर्व छ भनी लेख्ने अनि आरनमा बसेको तस्बिर पोस्ट्याउँदै कामी हुनुमा गर्व छ भन्ने गरेको देखिन्छ। जात व्यवस्थाबाट मुक्ति पाउने एकमात्रै बाटो हो, जात र जात व्यवस्थाप्रति घृणा जगाउनु र यसका विरुद्ध निरन्तर प्रहार गर्नु। योबाहेक विकल्प छैन।

केही वर्षअघि आफन्तको मृत्यु भएका कारण किरिया कर्म सम्पन्न गर्न ब्राह्मण खोज्न हिँड्दा जातका कारण नभेटिँदाको पीडा मानसपटलमा अझै ताजा छ। किरियापुत्री घर वरपर भेटिए पनि किरियाकर्म गराइदिनु पऱ्योभन्दा के थरी हो भन्ने प्रश्न आयो। दमाई हो भन्नासाथ, ...ए फुर्सद छैन अन्तै खोज्नुस् न है भन्ने जवाफ आए। अन्तमा, चिकित्सा विज्ञान पढेका किरिपुत्री छोरालाई उनको बुवाको मृत्यु कर्म हिन्दू संस्कारबमोजिम नगरौंभन्दा मानेनन्। मृत्यु संस्कारसम्बन्धी लेखिएको पुस्तक हेर्दै कर्म पूरा गरे। उनीहरू पिता र छोरा दुवै माओवादी समर्थक हुन्।हामी जुन मान्यता र यथार्थ बोकेको समाजमा बाँचिरहेका छौं, भावी सन्ततिलाई पनि के यस्तै समाज हस्तान्तरण गरेर जानु उपयुक्त होला ? जात व्यवस्थाबाट उन्मुक्ति पाउन वर्तमान राजनीतिक, सामाजिक व्यवस्था पूर्ण छ या त्यसमा केही परिवर्तन वा सच्याउनु पर्ने हुन्छ ? राजनीतिक, सामाजिक र आर्थिक व्यवस्था कस्तो भएको अवस्थामा हामीले जातीय विभेद, छुवाछूत, असमानता आदिबाट मुक्ति प्राप्त गर्न सक्छौं ? यी गहन र महत्त्वपूर्ण सवाल हुन्। यी सन्दर्भमा गम्भीर बहस, विश्लेषण गरी सही निष्कर्षसाथ अघि बढ्न सकेमात्रै भावी पुस्ताले जातका कारण हेपिनु, लघुताभाष अनुभव गर्नु, छुवाछूत, विभेद र असमानता भोग्नु पर्दैन।जात, जन्म, उत्पत्ति, धर्म, क्षेत्र, भाषा, रङ, लिंग र पेसा आदिका आधारमा गरिने विभेदबाट मुक्ति प्राप्त गर्ने बाटोको खोजी किन नगर्ने ? हाम्रा कैयौं पुस्ता आफूलाई ईश्वर या अमुक सृष्टिकर्ता या पूर्वजन्मको पापका कारण अछूत, तल्लो जात बनाइदिएकाले वर्तमानमा अन्याय भोग्नु परेको भ्रामक मान्यता बोकेर प्राण त्यागे।

# अत्याचारविरुद्ध जबरजस्त एउटा मान्छे

जगत देउजा

केही वर्षयता माइतीघर आन्दोलनको मूल थलो बनेको छ। कुनै विषयमा विरोध गर्नेदेखि संरचनागत अन्यायका विषयमा आवाज उठाउन यहाँ विभिन्न समूह एवं संगठनले धर्ना, भेला, नाराबाजी अनशन आदि गर्दै आएका छन्। आक्कलझुक्कल हुँदै आएका यस्ता गतिविधि बाक्लिँदै गएका छन्। यस वर्ष खेतीपातीको मौसममा समेत आन्दोलन रोकिएन। यहाँ बाँके नेपालगन्जकी निर्मला कुर्मीको अपहरण तथा शरीर बन्धक गरी हत्या प्रकरणमा न्यायको माग गर्दै रुबी खानको समूह लामो समय अनशन बसेको थियो। मिटरब्याजी र लघुवित्तपीडितहरूको आन्दोलन अझै जारी छ। नागरिकता पाउन नसकेका युवाहरूको आन्दोलन पनि यहीँ केन्द्रित थियो। यहाँ भएका आन्दोलन एवं विरोधका कार्यक्रमको सूची बनाइसाध्य छैन। जुनसुकै विषयमा नागरिक किन काठमाडौं आउन बाध्य भएका हुन्? के यस्ता आन्दोलनको आवाज सरकारले साँच्चै सुनेको छ? यी आन्दोलनको आधार के/कस्तो छ? तिनीहरूको संगठनको स्थिति कस्तो छ? सञ्चारमाध्यमको पहुँच सहज भएको अहिलेको अवस्थामा के समस्याको ध्यानाकर्षण गराउन माइतीघर नै आउनुपर्छ? सरकार स्वंयले विभिन्न अन्यायका विषयमा अध्ययन गरेर आन्दोलनपूर्व सचेत कदम उठाउन सक्दैन? जस्तो- मिटरब्याजी समस्याको विषयमा आन्दोलनपछि मात्र सरकारले कानुन बनायो। के यो समस्याबारे सरकार जानकारीबिहीन थियो त? के नागरिकका हरेक अन्यायका विषयमा कानुन बनाउन दबाब दिन फेरि नागरिक ऋण गरीगरी आएर माइतीघरमा नै खाना पकाएर खाने, त्यहीँ सुत्ने गर्नुपर्ने हो? आदि विभिन्न विषयमा गहिरो अध्ययन र समीक्षा पुगेको छैन।


कामको सिलसिलामा माइतीघरको बाटो भएर हिँड्दा त्यहाँका आन्दोलनकारी देख्दा २०६७ चैतमा राष्ट्रिय भूमि अधिकार मञ्चको नेतृत्वमा भएको आन्दोलनको सम्झना हुन्छ। त्यतिखेर देशभरबाट सयौं भूमिहीन काठमाडौं आएर खुलामञ्चमा धर्ना बसेका थिए। राजनीतिक पार्टी कार्यालयमा गएर धर्ना र नारावाजी गर्दै भूमि अधिकारको आवाज सशक्त बनाएका थिए। ग्रामीण भेगका, भूमिहीन श्रमिक र जोताहा किसान आफैँ कृषि औजारसहित आन्दोलनमा आएका यो घटना अलि फरक प्रकृतिको थियो। उनीहरू आफ्ना लागि घरैबाट सातु, चामल, तरकारी र बर्को बोकर आएका थिए। राजनीतिक दलबाहेकका अगुवाइमा भएको यो आन्दोलनको पृष्ठभूमि र प्रभावबारे पनि खासै अध्ययन हुन सकेको छैन। यो आन्दोलनको नेतृत्व राष्ट्रिय भूमि अधिकार मञ्चको तत्कालीन अध्यक्षको हैसियतले बलदेव रामले गर्नुभएको थियो। उनै बलदेव रामको आज (साउन १७ गते) छैटौं स्मृति दिवस विभिन्न कार्यक्रमका साथ मनाइँदैछ।

बलदेव राम बाल्यकालदेखि नै तल्सिङले मोहीमाथि गरेको अन्यायको साक्षी थिए। दलितलाई गरिने विभेद र थिचोमिचो चर्को थियो। उनी जन्मेको गाउँ र वरपरका जिल्लामा समेत चमार समुदायमाथि चर्को शोषण र अन्याय थियो। उनीहरू सिनो फाल्न बाध्य बनाइएका थिए। पछि उनैको नेतृत्वमा सिनो बहिष्कार आन्दोलन भएको थियो। र उक्त आन्दोलन अनेक संकट झेल्दै सफल भएको थियो। उनै बलदेव राम दलित भूमिहीनता अन्त्य गर्ने उद्देश्यले भूमि अधिकार आन्दोलनमा जोडिँदै उक्त आन्दोलनको नेतृत्व गर्न पुगेका थिए।

गहिरोसँग जरा गाडेर बसेको अन्यायलाई सम्बोधन गर्न सामाजिक आन्दोलन नै महत्वपूर्ण उपाय हो। संसारभरको अनुभवले सावित गरेको विषय हो यो। सामाजिक आन्दोलन बलियो नभएको समाजमा नीति तथा कानुन पनि किनारामा पारिएका नागरिकको पक्षमा लागु हुन सक्दैन। सामाजिक आन्दोलनको लक्ष्य प्राप्तिका लागि समय लाग्न सक्छ। यसो भएकाले खास योजना बनाएर मात्र आन्दोलन अगाडि बढाउनुपर्दछ। तर यो नै सर्वव्यापी र अनिवार्य भने होइन। कहिलेकाहीँ अप्रत्याशितरूपमा सिर्जना भएको भेला वा प्रदर्शनले दीर्घकालीन आन्दोलनका रूप पनि लिएका उदाहरण छन्। नेपाल र संसारभरकै अनुभवबाट असमानता तथा अन्याय अन्त्य गर्न सामाजिक आन्दोलनको भूमिका अतुलनीय छ। र उत्पीडनमा परेका नागरिक स्वंयले निर्माण गर्ने यस्तो आन्दोलनका कारण शक्ति संरचनामा परिवर्तन सम्भव छ।

सिनो बहिष्कार र भूमि अधिकार आन्दोलनको सफल नेतृत्व गर्नुभएका बलदेव राम उत्पीडनमा परेकाहरूको संगठनमा जोड दिन्थे। सवालमा सामूहिकरूपमा छलफल, मुद्दाहरूको विश्लेषण, परिवर्तनको मुद्दा निर्माण र आन्दोलनबाट नै नेतृत्वको विकास आवश्यक हुन्छ भन्नेमा प्रष्ट थिए। सीमित व्यक्तिहरूले मात्र हालीमुहाली नगरुन् भन्ने उद्देश्यले सामूहिक स्वरूपको नेतृत्वमा उनको जोड हुन्थ्यो।

व्यवस्थित र व्यापक संगठनसहितको सामाजिक आन्दोलनविना गरिव एवं भूमिहीन अथवा उत्पीडनमा परेका नागरिकको हैसियतमा खास परिवर्तन सम्भव छैन। तर यस्तो सामाजिक आन्दोलनहरू कमजोर बन्दै गएको छ। समुदायको सशक्तीकरणको उद्देश्य बोकेर खडा भएका सामाजिक संस्थाहरू पनि सामान्य सचेतीकरण र आयमूलक कार्यमा अल्झिएका छन्। यतिखेर शक्ति निर्माण, जनसशक्तीकरण र अभियान एवं आन्दोलनमुखी कार्यमा कमी छ। यो मुलुक र खासगरी सीमान्तकृत समुदायका लागि ठूलो नोक्सानी हो।



न्यायपूर्ण सामाजिक शक्ति सम्बन्धमा मात्र सामाजिक न्याय हुन्छ। अन्यायपूर्ण शक्ति सम्बन्ध भएको समाजमा सामाजिक अन्यायले ठाउँ पाउँछ। सामाजिक आन्दोलन बलियो नभई सामाजिक न्याय पाउने अवस्था छैन। अन्यायपूर्ण शक्ति सम्बन्धलाई प्रश्न उठाउने, अन्यायमा परेका पीडितलाई सचेत बनाउन बलियो सामाजिक आन्दोलनको आवश्यकता छ। प्रभावकारी सामाजिक आन्दोलनका लागि उत्पीडनमा परेका हरेक वर्गको आलोचनात्मक चेत फराकिलो हुँदै जान आवश्यक छ। र यसका लागि सामाजिक न्यायकर्मीको इमानदारिपूर्ण साथ चाहिन्छ। यसो भयो भने मात्र तिनै तहका सरकारलाई सामाजिक न्यायको प्रत्याभूतिमा ठोस कदम उठाउन केही न केही रूपमा बाध्य पार्न सकिन्छ। उनको संगतले सिकाएको ज्ञानले यही भन्छ।

सिनो बहिष्कार आन्दोलनको सफलताले चमार जातिको जीवनस्तर केही न केही फेरिँदै गएको छ। बलदेव रामले दलितको आत्मसम्मान, शिक्षातर्फ आकर्षण र रोजगारीलगायत विषयमा उठाएका आवाजको प्रभाव पर्दै गएको छ।

सिरहा र सप्तरीका डोम र चमारलाई कथित दलितका रूपमा हेरिन्थ्यो। कसैको घरमा रहेको पशु मरेमा उनीहरूले नै त्यसलाई फाल्नुपर्ने वा काटेर खानुपर्ने परम्परा रहिआएको थियो। चमार र डोमले सिनो फाल्नुपर्ने बाध्यता मात्रै थिएन, सोही कारणले उनीहरू अपमानितसमेत हुनुपरेको थियो। आन्दोलनपछिका केही वर्षमा अवस्था सुध्रियो। चमार, मुसहर र डोम समुदायका मानिस अघि आए।

*नागरिक दैनिकबाट*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# खुम्चिँदै गएको हो नेकपा माओवादी ?

**जनयुद्धकालीन रापतापले ओझिलो बनेको नेकपा माओवादी पछिल्लो समय संगठनात्मक, वैचारिक, र ाजनीतिक हिसाबले बोझिलो बन्दै गएको स्वयं अध्यक्ष प्रचण्डले नै सार्वजनिक रुपमा बताउन थालेका छन्।**

**गोकुल अर्याल**

**साउन १७ गते, काठमाडौं**

जनयुद्धकालीन रापतापले ओझिलो बनेको नेकपा माओवादी पछिल्लो समय संगठनात्मक, वैचारिक, र ाजनीतिक हिसाबले बोझिलो बन्दै गएको स्वयं अध्यक्ष प्रचण्डले नै सार्वजनिक रुपमा बताउन थालेका छन्।

काठमाडौं- सत्तारुढ दल नेकपा माओवादी केन्द्रको केन्द्रीय समिति बैठक बुधबार सुरु भएको छ। बैठक पाँच दिन चल्ने कार्यतालिका छ।

कमलादीस्थित प्रज्ञा भवनमा सुरु भएको पहिलो दिनको बैठकमा करिब साढे तीन दशकदेखि पार्टीको हाइ कमान्ड सम्हाल्दै आएका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेकपा माओवादी बिलाउँदै, हराउँदै र नासिँदै जाँदा पार्टीजस्तो बनाउन नसकिएको गुनासो पोखे। कुनै बेला जनयुद्धका नाममा विध्वंश मच्चाएको नेकपा माओवादी शान्ति सम्झौता (२०६३) मा आएपछि क्रमशः खिइँदै गएको घटनाक्रमले देखाएका छन्।

जनयुद्धकालीन रापतापले ओझिलो बनेको माओवादी पछिल्लो समय संगठनात्मक, वैचारिक, राजनीतिक हिसाबले बोझिलो बन्दै गएको स्वयं अध्यक्ष प्रचण्डले नै सार्वजनिक गरेपछि बिलाउने हो कि भन्ने चिन्ता कार्यकर्तामा छ।

उनले भनेका छन्, 'हाम्रो पार्टी नेकपा माओवादी केन्द्र, पार्टीजस्तो भइरहेको छैन। पार्टी पुनर्निर्माणको ऐतिहासिक थालनी यो बैठकलाई बनाउनुपर्छ। पार्टीका सन्दर्भमा बेलामौकामा भन्ने गरेको छु- हामीसँग नेता, कार्यकर्ताको विशाल पंक्ति छ तर पार्टीचाहिँ पार्टीजस्तो भइराखेको छैन। पार्टीलाई पार्टी बनाउन केन्द्रीय समिति बैठकबाट ठोस निर्णय हुनुपर्छ।' यद्यपि नेकपा माओवादी पार्टीजस्तो नभए पनि आफूले नेतृत्व गरेको सरकारका कामले भने जनतामा नयाँ आशा पलाएको प्रचण्डको दाबी छ। उनले



केन्द्रीय समिति बैठक पार्टीलाई व्यवस्थित बनाउने विषयमा केन्द्रित हुने विश्वास व्यक्त गरे।

शान्ति प्रक्रियामा आएपछि टुटफुट र गुटबन्दीले क्षतविक्षत भएर कमजोर र लुलो बन्दै गएको नेकपा माओवादी केन्द्रलाई पुनर्जीवन दिन शल्यक्रिया गर्नुपर्ने अध्यक्ष प्रचण्डले नै बताएका छन्। २०६४ को संविधानसभा निर्वाचनमा कांग्रेस, एमालेजस्ता ठूला दललाई माथ दिएर पहिलो पार्टी बनेको माओवादी २०७९ को निर्वाचनसम्म आइपुग्दा तेस्रो स्थानमा खुम्चिन पुगेको छ, त्यो पनि ३२ सिटमै। पार्टी निरन्तर कमजोर भए पनि नेताहरूको स्तर आर्थिक, सामाजिक रुपमा बलियो बन्दै गएको छ। उनीहरूले नाममात्रैको नेकपा माओवादी केन्द्रलाई धानिर हेका छन्। अध्यक्ष प्रचण्ड आफैं पनि रुपान्तरण हुनुपर्ने अवस्थामा पुगेका छन् ।

२०७८ पुसमा भएको आठौं महाधिवेशनले माओवादीलाई पहिलो नम्बरको बनाउने घोषणा गरे पनि पुछारतिर लम्किरहेको छ। गत ४ मंसिरको प्रदेश र संघीय निर्वाचनमा कांग्रेससँग गठजोड गरेर चुनावी मैदानमा उत्रिए पनि नेकपा माओवादीका हेभिवेट उम्मेदवार नै पराजित हुनुपरेको थियो। नेकपा माओवादीले जम्मा १८ सिटमा जित हासिल गर्न सकेको थियो। प्रदेशमा कतै पनि माओवादीको बलियो मत आएको देखिएन। यद्यपि स्थानीय तह निर्वाचनमा माओवादीका उम्मेदवारले पार्टीको नाक जोगाइदिएका थिए।

बुधबार प्रज्ञा भवनमा सुरु भएको माओवादी केन्द्रीय समिति बैठक अझ लोकप्रियताको मापन गर्ने समानुपातिक मतमा नेकपा माओवादीलाई नयाँ जन्मिएको र ाष्ट्रिय स्वतन्त्र पार्टीले उछिनेको छ। एमाले, कांग्रेस, रास्वपापछि मात्रै नेकपा माओवादीले समानुपातिक मत पाएको छ। यसले प्रचण्ड अध्यक्ष रहेको नेकपा माओवादीलाई जनताबाट अस्वीकृत हुने डर बढेको छ। संसदीय राजनीतिमा आएको १७ वर्षमा विभिन्न हन्डर-ठक्कर खाएको माओवादी सच्चिने कि सकिने भन्नेबारे केन्द्रीय समितिले निर्धारण गर्ने पोलिटब्युर ो सदस्य रामप्रसाद सापकोटा दीपशिखाले बताएका छन्। यस्तो बेला नेकपा माओवादी केन्द्रको पाँच दिने केन्द्रीय समिति बैठक सुरु भएको छ, जतिबेला पार्टी संगठन लाजमर्दो अवस्थामा पुगेको छ। केन्द्रीय समिति बैठकबाट पार्टी गतिशील हुने विश्वास अध्यक्ष प्रचण्डले व्यक्त गरे पनि भद्रगोल र जम्बो सांगठनिक प्रावधानले नेकपा माओवादी पार्टी मात्रै हुने शंका बढाएको छ।

पार्टीप्रति जनमत खस्किँदै गएका बेला तीनै तहको निर्वाचनपछि पहिलो पटक बस्न लागेको केन्द्रीय समिति बैठकले नेकपा माओवादीलाई गतिशील बनाउने नीति, रणनीति, कार्यदिशा र कार्यक्रम ल्याउने बताएर अध्यक्ष प्रचण्डले नेता, कार्यकर्तालाई विश्वास दिलाएका छन्। केन्द्रीय समिति बैठकको पहिलो दिनमै नेकपा माओवादी नेताहरूलाई पार्टी कमजोर बन्दै गएको आभास भएको देखिएको छ। सोही कारण माओवादीले ३ भदौदेखि ३ महिनासम्म 'जनतासँग पार्टी अभियान' चलाउने निर्णय गरेको छ। केन्द्रीय समिति बैठकमा अध्यक्ष प्रचण्डले सांगठनिक प्रतिवेदन प्रस्तुत गर्दै आगामी भदौ, असोज र कात्तिकमा 'जनतासँग पार्टी अभियान' चलाउने कार्यक्रम ल्याएका छन्। अभियानका क्रममा देशभरका सबै ६ हजार ७४३ वटै वडा समिति गठन गर्ने, सबै जातीय मोर्चाले आफ्नो जनसंख्याको कम्तीमा १० प्रतिशतलाई संगठित गर्ने प्रचण्डको प्रतिवेदनमा भनिएको छ।

खुइलिँदै गएको नेकपा माओवादीलाई बलियो पार्टी बनाउन मंसिरमा विधान सम्मेलन, सचिवहरूले प्रदेशको जिम्मेवारी लिने र सबै केन्द्रीय सदस्य वडा तहमा पठाइने अध्यक्ष प्रचण्डको प्रतिवेदनमा उल्लेख छ। सत्ताका नाममा चिरा परेका कम्युनिस्टलाई एउटै बनाउने योजना पनि प्रचण्डले अगाडि सारेका छन्। विचार मिल्नेसँग एकता गर्ने, एकतामा संख्याभन्दा विचारमा जोड दिने, कार्यकर्ता सामूहिक कोष बनाउने अनि स्थानीय तह निर्वाचनमा जितेका १२२ पालिकालाई नमुना बनाउने योजना प्रचण्डले प्रतिवेदनमा समावेश गरेका छन्। यसबाट माओवादीलाई जनतासँग नजिकिन सहज हुने प्रचण्डको बुझाइ छ।

पार्टीलाई तंग्राउन माओवादीले मंसिरमा विधान अधिवेशन, विशेष महाधिवेशन एक वर्षपछि गरिने अध्यक्ष प्रचण्डको प्रस्तावलाई पेरिसडाँडा मुख्यालयमा आजै बसेको स्थायी कमिटी बैठकले पारित गरेको छ। नेकपा माओवादी केन्द्र संगठनात्मक रुपमा कमजोर हुँदै गए पनि उपल्लो संरचनामा नेताहरूलाई चित्त बुझाउन ३८७ केन्द्रीय सदस्य संख्या थपेर ४०७ पुऱ्याउने निर्णय आजको पेरिसडाँडा बैठकले गरेको छ। नेकपा माओवादीमा प्रदेशका पदाधिकारी, आयोग तथा विभाग प्रमुख गरी ७५८ जना केन्द्रीय समिति बैठकमा सहभागी भएका छन्।संगठन खुइलिँदै गए पनि नेकपा माओवादीको गत २०७८ पुसमा सम्पन्न नवौं महाधिवेशनमा घोषणा गरिएको केन्द्रीय कमिटीमा २२ महिला सदस्य थपेर महिला संख्या ३५ प्रतिशत पुऱ्याउने निर्णय सदर गरेको छ। यसो गर्नुको कार ण निर्वाचन आयोगमा दलका सदस्यको विवरण बुझाउँदा केन्द्रीय कमिटीमा ३५ प्रतिशत महिला पुऱ्याउनुपर्ने प्रावधान रहेको छ। सोही कारण अध्यक्ष प्रचण्डले सांगठनिक प्रतिवेदनमा प्रस्ताव गरेका हुन्।

पार्टीलाई गतिशील बनाउन अध्यक्ष प्रचण्डले यो केन्द्रीय समिति बैठकमा संगठन विस्तारलाई प्राथमिकता दिएको देखिएको छ। अध्यक्ष प्रचण्डले २०७८ पुसमा भएको आठौं महाधिवेशनले २९९ सदस्यीय केन्द्रीय कमिटी अनुमोदन गरे पनि गत वर्ष विधान विपरीत समितिलाई विस्तार गरेर ३८५ सदस्यीय बनाएका थिए। ३ जेठ २०७५ मा एमाले र माओवादी केन्द्रबीच एकता ४४५ सदस्यीय जम्बो केन्द्रीय समिति बनेको थियो। एकता छुटेपछि माओवादीले केन्द्रीय सदस्य थप गरेर फेरि ४०८ पुऱ्याउन लागेको हो।

सम्भवतः यो बैठकले डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी र नेत्रविक्रम चन्द 'विप्लव' सँग एकता गर्ने विषयलाई समर्थन गर्ने पुष्टि पार्टी सचिव देवेन्द्र पौडेलले गरे। उनले भने, 'केन्द्रीय समिति बैठकमा प्रस्तुत हुने राजनीतिक प्रतिवेदनमा यसअघि डा. भट्टराईबाट प्रेषित ९ बुँदे एकता प्रस्ताव पनि समेटिएपछि एकताबारे छलफल थाल्ने भएका हौं। टुटेफुटेका सबै कम्युनिस्टलाई गोलबद्ध गर्न यो बैठकले विशेष निर्णय गर्छ।'

नेकपा माओवादी पेरिसडाँडाको साइनबोर्डमै सीमित हुन लागिरहेको टिप्पणी भइरहेका बेला केन्द्रीय समिति अझै ठूलो बनाउन विधान संशोधन गरिएको छ। पर्टीभित्र पद नपाएका 'वरिष्ठ'लाई चित्त बुझाउन नेकपा माओवादी केन्द्रले संख्या थपेर केन्द्रीय समितिमा रहने सदस्यको संख्या बढाउन लागेको हो। पटक-पटक सत्ताको चास्नीमा लपेटिएर माओवादलाई तिलाञ्जली दिएको आरोप खेपिरहेको सत्तारुढ नेकपा माओवादी केन्द्रको करिब १३ महिनापछि केन्द्रीय समिति बैठक बसेको हो। यो अवधिमा संगठनात्मक रुपमा माओवादी केन्द्र कमजोर हुँदै गए पनि गठबन्धनको टेकोका कारण केही पालिका, दुई वटा प्रदेश र संघमा सरकारको नेतृत्व लिइरहेको छ। प्रजातान्त्रिक पद्धतिमा आइपुगे पनि माओवादी केन्द्रको पार्टी राजनीति अझै पनि निरंकुश मानिन्छ। करिब साढे तीन दशकदेखि पार्टी अध्यक्ष पद प्रचण्डको 'कब्जा'मा रहेको छ।कांग्रेसलाई पछ्याएर केन्द्रीय समिति बैठक लाइभ गर्ने बताएको माओवादी केन्द्र यो निर्णयबाट पछि हटेको छ। पार्टी पदाधिकारी बैठकले केन्द्रीय समिति बैठक लाइभ गर्ने निर्णय गरे पनि नेकपा माओवादी नेताहरू बोली जनताले सुन्न सक्ने आशंकामा स्थायी समिति बैठकले लाइभ नगर्ने निर्णय गरेको छ। 'पदाधिकारी बैठकले केन्द्रीय समिति बैठक लाइभ गर्ने निर्णय गरे पनि त्योभन्दा ठूलो स्थायी समिति बैठकबाट गर्नु हुँदैन भन्ने निर्णय पारित भएको छ। अब केन्द्रीय समिति बैठक लाइभ हुँदैन,' नेता पोखरेलले पेरिसडाँडा बैठकमा भने।




जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरिकको कर्तव्य हो ।

सोनमा गाउँपालिका कार्यालय
महोत्तरी

# लोकतान्त्रिक पत्रकारलाई पाखा लगाउने काम सह्य नहुने



**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, सप्तरी**

नेपाल प्रेस युनियनको अध्यक्ष शिव लम्सालले कुनै प्रकारको स्वार्थमा लोकतान्त्रिक पत्रकारहरूलाई पाखा लगाउने काम सह्य नहुने बताउनु भएको छ।

नेपाल प्रेस युनियनको सातौँ जिल्ला अधिवेशनलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो । एउटै प्रकृतिका सबै सङ्गठनमा समान दृष्टिकोण राखेर शुद्धीकरण हुनुपर्छ, सदस्यता शुद्धीकरणको नाममा चुनाव जित्ने र हार्नेहरूको मोर्चा बन्नुहुँदैन, उहाँले भनुभयो । उहाँले नेपाल प्रेस युनियनले ७७ देखि ९० वटासम्म प्रशिक्षणको आयोजना गर्ने तयारी गरेको जानकारी दिनुभयो ।

युनियनले आगामी एक वर्षलाई प्रशिक्षण वर्षको रुपमा काम गर्ने र देशभरिका तीन हजार पत्रकार लाई प्रशिक्षण दिने योजना बनाएको छ । यसले युनियनका पत्रकारले लेख्ने समाचारले विश्वसनीयता गुमाउने छैन र भ्रष्टाचारविरुद्ध पत्रकारको जिम्मेवार उपस्थिति र हनेछ ।

नेपाल प्रेस युनियनका उपाध्यक्ष अनिल कर्णले पछिल्ला दिनमा पत्रकार र प्रेसमाथि हुँदै आएका हमलाका घटनाप्रति युनियन गम्भीर छ, यसर्थ प्रेस स्वतन्त्रताको रक्षार्थ आउनै लागेका चुनौतीलाई सामना गर्न आफनो साङ्गठनिक तथा कार्य योजना तय गर्ने बताउनुभयो।

जिल्ला अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा सम्पन्न नेपाल प्रेस युनियन सप्तरी शाखाको यस अधिवेशनवाट आजै नयाँ कार्यसमिति चयन गर्न निर्वाचन प्रक्रिया अघि बढाइने सङ्गठनका केन्द्रीय प्रतिनिधि लोकराज अवस्थीले जानकारी दिनुभयो ।

जन्मको ३५ दिन भित्र आ-आफ्‍ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**बटेश्वर गाउँपालिका**


**बटेश्वर, धनुषा**




# जनकपुरका सबै निजी हस्पिटललाई बिरामीसंग लिइने उपचार शुल्क विवरण बुझाउन निर्देशन

**खबर दर्पण समाचारदाता**

**साउन १७ गते, जनकपुर**



जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या: ०८०/८१
चलानी नं. ३१५

फोन नं. : ०४१-५२०१४६, ५२०५१०
फ्याक्स: ०४१-५२०५२०, ५२००११
मिति: २०८०/०४/१७

विषय: जानकारी सम्बन्धमा ।

श्री अस्पताल (निजी सबै),
जनकपुरधाम उप-महानगरपालिका ।

प्रस्तुत विषयमा यस उप-महानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण निजी स्वास्थ्य संस्थाहरुले सेवाग्राहीसँग लिइने सम्पूर्ण शुल्कहरु ५ (पाँच) दिन भित्र लिखित पत्र सहित पेश गर्नुहुन जानकारी गराइन्छ ।

मेहीलाल यादव
वरिष्ठ उपसचिव


जनकपुरधाम उपमहानगर पालिकाले नगरभित्र रहेका निजी हस्पिटल लगायत स्वास्थ्य संस्थाहरुलाई सेवाग्राहीसंग लिइने शुल्क विवरण बुझाउन भनेको छ ।

उपमहानगरपालिकाका बरिष्ट उपसचिव मिहिलाल यादवले एक सूचना जारी गर्दै पाँच दिन भित्र सेवाग्राहीसंग लिइने शुल्क विवरण बुझाउन जानकारी गराएका हुन् ।

'प्रस्तुत विषयमा यस उप-महानगर पालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण निजी स्वास्थ्य संस्थाहरुले सेवाग्राहीसँग लिइने सम्पूर्ण शुल्कहरु ५ (पाँच) दिन भित्र लिखित पत्र सहित पेश गर्नुहुन जानकारी गराइन्छ ।' सूचनामा उल्लेख छ ।

जनबकपुरधाम उपमहानगर पालिका भित्र संचालित अधिकांश हस्पिटलले मनोमानी उपचार शुल्क अशुल्ने गरको व्यवाप्त जनगुनासो छ । तर यसलाई सम्बन्धित निकायले लगाम कस्न सकेको छैन ।

# जिर्णोद्धारको पर्खाइमा मटिहानीको झुला घर



**रागिनी साह**

**साउन १७ गते, महोत्तरी**

मटिहानी धार्मिक महत्व बोकेको नगरपालिका हो । माता सिताको विवाहको लागि यहिबाट मटकोर गर्न माटो लगिएको विभिन्न धार्मिक ग्रन्थहरू मा उल्लेख छ । यहि मटिहानी स्थित लक्ष्मी नारायण मठको इतिहास समेत वर्षौ पुरानो छ । मटिहानी मठ स्थापनासंगै मठकै अगाडि दक्षिण भागमा लक्ष्मी नारायणको झुला घर समेत स्थापित गरियो ।

परापुर्व काल देखि सोहि झुला घरमा भगवान राम र लक्ष्मणको बाल्य अवस्था तथा माता सिताको प्रतिमा राखेर झुल्नोत्सव मनाईने गरिएको छ, तर भवन अति नै पुरानो र जिर्ण भैसकेको अवस्थामा झुल्नोत्सब गर्न उक्त भवन जोखिमपूर्ण रहेको छ । मटिहानी मठका मान महन्थ जगन्नाथ दास किर्ते हस्ताक्षर तथा जालसाजि मुद्दामा पुर्पक्षका लागि थुनामा र हदा मटिहानी अभिभावक विहिन बनेको छ । मठसंगै मठको अधिनस्त सो भवन पनि रेखदेख गरिदिने वा संरक्षण गरिदिने कोहि छैनन । गुठीले हेर्नु पर्ने उक्त भवनप्रति गुठी समेतले वेवास्ता गरेको छ । गुठीका कर्मचारीहरुले आफुहरुसंग भवन जिर्णोद्धारको लागि रकम नरहेको र नगर प्रमुखसंग समन्वय गरेको बताउछन ।

यता विगतका वर्षहरूमा झुलनोत्सव अत्यन्तै हर्षोल्लासका साथ मनाइने गरिएपनि भवनको दयनिय अवस्थाले यस पटक वैकल्पिक व्यवस्था गरिने हो वा सोहि भवनलाई मर्मत सम्भार गर्ने हो भन्ने अझै अन्यौलता छ। साउन महिनामा हुने झुलनोत्सव मलमासको कारण, यस वर्ष ढिलो भई भदौ २ गते हुन लागेकोमा झुलनोत्सव पुर्व झुलाघर मर्मत वा जिर्णोद्धारको अतिआवश्यक्ता छ । जिउ ज्यानकै सुरक्षा नहुदा सोहि अवस्थामा झुला घरमा झुल्नोत्सव मनाउन जोखिमपुर्ण छ ।यता मटिहानीका नगर प्रमुख हरि प्रसद मण्डलले भवनको जिर्णोद्धारको लागि गुठी संस्थान जिम्मेवार बन्नु पर्ने बताउदै स्थानियतहबाट गर्न सक्ने सहयोगको लागि आफु सदैव तयार रहने गरेको बताए ।

# खुट्टाबिना हिंडडूल गर्न नसक्नेहरुलाई...

सन्देस प्रवाह गर्ने उद्देश्यले २०८० भदौ १० गते आइतबार बर्दिबासस्थित गौतम होटलमा नेपालका ख्यातिप्राप्त कलाकारहरुको संस्था 'सिस्नोपानी' ले मनोरञ्जनात्मक प्रस्तुति दिने कार्यक्रम पनि तय गरिएको अध्यक्ष गौतमले जानकारी दिनुभयो । सुप्रसिद्ध हास्य कलाकार मनोज गजुरेलसहितका कलाकारले कृत्रिम खुट्टा लगाइने शिबिरका लागि सन्देसमूलक प्रस्तुति पस्कने जनाइएको छ ।

“तपाईंहरु पत्रकार साथीले शिबिरबारे सन्देस प्रवाह गरीदिनोस् , शिबिरबाट अधिकाधिक लाभान्वित हुन सकुन्” पत्रकार सम्मेलनमा रोटरी क्लव अफ बर्दिबासका पूर्वअध्यक्ष शम्भु भट्टराईले भन्नुभयो । रोटरी क्लव अफ बर्दिबासले शिबिर सञ्चालन हुनु करिब एक महिना पहिले नै पत्रकार सम्मेलन गरेर यो सन्देस व्यापक फैलियोस् र बढीभन्दा बढीले सेवा पाउन् भन्ने उद्देश्य बोकेको भट्टराईको भनाइ छ ।

शिबिरमा नेपाल, भारत वा संसारका जुनसुकै देशका नागरिकले सेवा पाउने रोटरी क्लव अफ बर्दिबासले स्पष्ट पारेको छ । शिबिरमा कृत्रिम खुट्टा लगाउन चाहने वा यसबारे थप जानकारी लिन चाहनेले पूर्वअध्यक्ष शम्भु भट्टराईको ९८५४०२००५४ अर्का पूर्वअध्यक्ष हिरा गौतमको ९८४१७२२६४४ र वर्तमान अध्यक्ष कृष्णप्रसाद गौतमको ९८०७८३६७१५ नम्बरको मोवाइलमा सम्पर्क गर्नसमेत् रोटरी क्लव अफ बर्दिबासले अनुरोध गरेको छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा